# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ७, संख्याः १४, कार्तिक २४ गते, २०८० साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगर दलित समन्वय समिति व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।७।२२

**प्रस्तावना** : व्यास नगरपालिका भित्रका आर्थिक, समाजिक, भौगोलिक विविधतालाई आत्मसाथ गर्दै सामाजिक न्याय परक मूल्य मान्यतालाई स्थापित गर्ने उद्देश्यका साथ सामाजिक एंव आर्थिक कारणबाट पछाडि परेका नगरपालिका भित्रका दलितहरुको व्यवसायिक उन्नयन र सशक्तिकरणका विभिन्न कार्यक्रमहरुलाई पारदर्शी एवं व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकारको प्रयोग व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "व्यास नगर दलित समन्वय समिति व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले "व्यास नगर दलित समन्वय समिति व्यवस्थापन कार्यविधि, २०८० सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(छ) "दलित सदस्य" भन्नाले नगरपालिकाका कार्यपालिका सदस्य समेत नगर सभाका दलित सदस्य सबै सम्झनु पर्छ ।

(ज) "क्रियाशील राष्ट्रिय राजनैतिक दल" भन्नाले संसदमा प्रतिनिधित्व गर्ने राष्ट्रिय मान्यता प्राप्त तनहुँ जिल्लामा क्रियाशील राजनैतिक दल भन्ने सम्झनु पर्छ ।

(झ) "राजनैतिक दलका प्रतिनिधि" भन्नाले राष्ट्रिय मान्यता प्राप्त क्रियाशील राजनैतिक दलले व्यास नगरपालिकामा स्थायी बसोबास भएका दलितहरु मध्येबाट मनोनित गरी पठाएको प्रतिनिधि भन्ने सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) "सामाजिक विकास समिति संयोजक" भन्नाले व्यास नगरपालिकाद्वारा गठित सामाजिक विकास समितिका संयोजक सम्झनु पर्छ ।

(ठ) "आर्थिक प्रशासन शाखा प्रमुख" भन्नाले व्यास नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख सम्झनु पर्छ ।

(ड) "शिक्षा तथा सामाजिक विकाश शाखा प्रमुख" भन्नाले व्यास नगरपालिकाको शिक्षा तथा सामाजिम विकास शाखा प्रमुख सम्झनु पर्छ ।

(ढ) "महिला, बालबालकिा, अपाङ्गता तथा जेष्ठ नागरिक उपशाखा प्रमुख" भन्नाले व्यास नगरपालिकाको महिला, बालबालकिा, अपाङ्गता तथा जेष्ठ नागरिक उपशाखा प्रमुख सम्झनु पर्छ ।

(ण) "समिति" भन्नाले व्यास नगर दलित समन्वय समिति भन्ने सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य र सञ्चालन समिति

३. **उद्देश्य** : यस कार्यविधिका निम्न उद्देश्यहरु रहेका छन् :

(क) विविधतायुक्त समाजमा सामाजिक न्याय परक मान्यता स्थापित गर्नु,

(ख) दलित लक्षित कार्यक्रमहरुलाई पारदर्शी, व्यवस्थित र सहभागितामूलक बनाउनु,

(ग) नगरपालिका भित्रका विभिन्न दलित जातिहरुलाई सशक्तिकरण गर्दै आत्मनिर्भर बनाउन सहयोग पुर्‍याउने,

(घ) दलितहरुका परम्परागत पेशा व्यवसायलाई आधुनिकीकरण गर्न सहयोग पुर्‍याउने,

(ङ) सामाजिक रुपमा अन्य जाति र दलित बिच एवं दलित भित्रका भिन्न भिन्न जाती बिचको छुवाछुत एवं विभेदको अन्त गर्नु,

(च) दलित जातीका विद्यालय र उच्च शिक्षा तहमा अध्ययन गर्ने छात्रछात्राहरुलाई सहयोग पुऱ्याउनु,

(छ) तोकिएको स्वास्थ्य, शिक्षा, व्यवसायिक दलित लक्षित अन्य कार्यक्रमहरुको सञ्चालन र व्यवस्थापन गर्नु ।

४. **समिति सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधि बमोजिमका उद्देश्य प्राप्तिका लागी कार्यक्रमहरु सञ्चालन, व्यवस्थापन गर्न तल लेखिए बमोजिमको समिति रहने छ :

(क) संयोजक :प्रमुख - १
(ख) सदस्य :उपप्रमुख - १
(ग) सदस्य :प्रमुख प्रशासकीय अधिकृत - १
(घ) सदस्य :सामाजिक विकास समिति संयोजक - १
(ङ) सदस्य :नगरपालिकाका दलित सदस्यहरु सबै - १६
(च) सदस्य :राष्ट्रिय मान्यता प्राप्त जिल्ला स्थित क्रियाशील दलका १ जना प्रतिनिधिका दरले हुन आउने संख्या
(छ) सदस्य :आर्थिक प्रशासन शाखा प्रमुख - १
(ज) सदस्य :शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख - १
(झ) सदस्य सचिव :महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक उपशाखा प्रमुख - १

(२) समितिको बैठक सामान्यतया वर्षमा ४ पटक बस्नेछ ।

(३) बैठकमा नियामानुसारको उपस्थित पदाधिकारी सदस्यलाई बैठक भत्ता उपलब्ध गराइने छ ।

(४) बिना कारण ३ पटकसम्म उपस्थित नहुने सदस्यले चौथो पटकदेखि बैठकमा बस्न पाउने छैन र उसको प्रतिनिधित्व समाप्त भएको मानिनेछ ।

(५) यस कार्यविधि सम्बन्धी कार्यक्रमहरुको महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक उपशाखाबाट संयोजन गरिनेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सभाले निर्दिष्ट गरेका दलित लक्षित नीति, कार्यक्रम र विनियोजित बजेटलाई सदस्यहरु बिच जानकारी गराउने ।

(ख) घोषित नीति र बजेट कार्यक्रम कार्यान्वयनका लागी दफा ३ बमोजिमका उद्देश्य प्राप्ति सम्बन्धी कार्यक्रमहरु तर्जुमा गर्ने ।

(ग) बजेट अनुसार कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने र लागु भएका कार्यक्रममा समीक्षा गर्ने ।

(घ) आगामी वर्षको लागी प्रस्तावित कार्यक्रमहरु तय गरी हरेक वर्षको जेठ १५ गतेभित्र कार्यालयमा पेश गर्ने ।

(ङ) आवश्यकता अनुसार सञ्चालन समिति भित्रबाट उपसमिति गठन गर्ने ।

(च) दलित लक्षित राष्ट्रिय, अन्तरार्ष्ट्रिय संघ संस्थाहरुसँग समन्वय गरी सहकार्य गर्ने ।

(छ) दलित सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

परिच्छेद ३

विविध

६. **बजेट** : कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट सभाले विनियोजन गरे बमोजिम हुनेछ ।

७. **कार्यक्रम सञ्चालन** : कार्यक्रम सञ्चालनको विधि सञ्चालन समितिको निर्णय बमोजिम हुनेछ ।

८. **कार्यविधि संशोधन** : यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

९. **खारेजी** : यस कार्यविधिका कुनै दफा उपदफा प्रदेश वा संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

**आज्ञाले**
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत